# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री अनुपकुमार उपाध्यायबाट भएको निर्णय आदेश

अनुमतिपत्र जारी गर्ने निकाय – नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

विरुद्ध

वि.वि.वि.०७१।७२ वि.उ.स.१३४ को विध्युत उत्पादनको अनुमतिपत्र (सुरी खोला जलविद्युत आयोजना)

अनुमतिपत्र प्राप्त संस्था— सुरी खोला हाइड्रोपावर लि.

विषयः– अनुमतिपत्रको शर्त उल्लंघन ।

यस्मा, सुरी खोला हाइड्रोपावर लि.ले प्राप्त गरेको अनुमतिपत्र संख्या वि.वि.वि.०७१।७२ वि.उ.स.१३४ (सुरी खोला जलविद्युत आयोजना) को विध्युत उत्पादनको अनुमतिपत्रको बुँदा नं.७ को (प) मा उल्लेखित शर्त बमोजिम त्यस संस्थाको स्वामित्व संरचनामा कुनै किसिमको हेरफेर वा परिवर्तन गर्नु परेमा सोको पुर्व जानकारी यस मन्त्रालयलाई दिनु पर्नेमा सो शर्त विपरित कम्पनीको शेयर संरचना परिवर्तन गरेको सम्बन्धमा विध्युत विकास विभागबाट सुरी खोला हाइड्रोपावर प्रा.लि.सँग स्पष्टिकरण माग गर्दा उक्त कम्पनिले भुलवस पब्लिक लिमिटेड कम्पनिमा परिणत भए पश्चात मात्र जानकारी गराइएको भनी क्षमायाचना सहितको स्पष्टिकरण पेश गरेको देखिन्छ । उक्त सुरी खोला हाइड्रोपावर लि.ले शेयर स्वामित्व संरचनामा परिवर्तन गर्दा सोको पुर्व जानकारी विध्युत उत्पादन अनुमतिपत्रको बुँदा नं.७ को (प) मा उल्लेखित शर्त बमोजिम यस मन्त्रालयलाई दिनु पर्नेमा नदिइ विध्युत ऐन, २०४९ को दफा ३८ को उपदफा (२) बमोजिमको कसुर गरेको देखिदा सोही दफा बमोजिम उक्त सुरी खोला हाइड्रोपावर लि. लाई रु.५,०००।- (पाँच हजार रुपैया) जरिवाना गर्ने निर्णय गरिदिएको छ । अरु तपशिल बमोजिम गर्नु ।

तपशीलः

१. सुरी खोला हाइड्रोपावर लि. बाट निर्णय बमोजिम जरिवाना असुल गर्न मिसिल विद्युत विकास विभागमा पठाउनु ।
२. निर्णयको जानकारी कानून बमोजिम माग गरेमा उपलब्ध गराइदिनु ।

अनुपकुमार उपाध्याय
(सचिव)

इति सम्बत २०७५ साल मंसिर १० गते २ रोज शुभम् ---------------------------------------------।